# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०८३।०४।१८ गते।

# प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

जिल्ला सुर्खेत, चौकुने गाउँपालिका वडा नं. १ स्थित मालिका सामुदायिक वन उपभोक्ता समूहका पदाधिकारीहरूले आ.व. २०७२/०७३ देखि आ.व. २०७८/०७९ सम्मको झाडी सफाई, अग्नी रेखा निर्माण, खरघाँस रोपण/वृक्षारोपण, वनहेरालु तलव, भैसी पालन, बाख्रा पालन, डढेलो नियन्त्रण, मौरी घार समेतका खर्चहरूको नक्कली बिल भरपाई देखाई लेखापरीक्षण गरी वनबाट आम्दानी भएको रकम हिनामिना गर्ने कार्य गरेको भन्नेसमेत बेहोराको प्राप्त उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा मालिका सामुदायिक वन उपभोक्ता समूहले काठ बिक्री गरेबापत आम्दानी भएको समितिको रकम काम नै नभएको शीर्षकहरूमा समेत खर्च भएको भनी झुट्टा विवरण तयार गरी गराई लेखापरीक्षण प्रतिवेदन समेतमा देखाई आ.व. २०७२/७३ मा रू.२८,५८,२००/- (अठ्ठाईस लाख अन्ठाउन्न हजार दुई सय रूपैयाँ) आम्दानी गरेकोमा **रू.१६,४३,५८६/८४ (सोह्र लाख त्रिचालीस हजार पाँच सय छयासी रूपैंया चौरासी पैसा)** हिनामिना हानिनोक्सानी गरे गराएको, आ.व. २०७३/७४ मा काठ बिक्री वापत रू. १६,१८,५३०/- (सोह्र लाख अठार हजार पाँच सय तीस) आम्दानी भएकोमा **रू.५,१३,१७४/- (पाँच लाख तेह्र हजार एक सय चौहत्तर रूपैंया)** हिनामिना हानिनोक्सानी गरे गराएको, आ.व. २०७४/७५ मा काठ बिक्री तथा आपूर्ति बापत रू.१५,७५,११५/- (पन्ध्र लाख पचहत्तर हजार एक सय पन्ध्र) आम्दानी भएकोमा **रू.१३,६५,८००/- (तेह्र लाख पैसठ्ठी हजार आठ सय रूपैंया)** हिनामिना हानिनोक्सानी गरे गराएको, आ.व. २०७५/७६ र २०७६/०७७ मा समितिको रकम **रू.३,९०,०००/- (तीन लाख नब्बे हजार रूपैंया)** हिनामिना हानिनोक्सानी गरे गराएकोले यसरी मालिका सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष, सचिव, कोषाध्यक्ष र लेखापरीक्षकसमेतको मिलेमतो र योजनामा उक्त वन उपभोक्ता समूहले काठ बिक्री तथा आपूर्तिबाट आम्दानी गरेको रकमबाट आ.व. २०७२/७३ देखि आ.व. २०७६/७७ सम्ममा जम्मा **रू.३९,१२,५६०/८४ (उनान्चालीस लाख बाह्र हजार पाँच सय साठी रूपैंयाँ चौरासी पैसा)** हिनामिना हानिनोक्सानी गरे गराएको देखिँदा प्रतिवादीहरूको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ तथा दफा १९ को उपदफा (१) बमोजिमको कसुरजन्य कार्य भएको हुँदा देहायका प्रतिवादीहरूउपर देहायबमोजिमको सजाय हुन मागदाबी लिई आज बिशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

**देहाय:**

| क्रस | नामथर पद र कार्यालय | बिगो रू. | कसुर तथा सजायको मागदाबी |
|---|---|---|---|
| १. | मालिका सामुदायिक वन उपभोक्ता समूहका पूर्व अध्यक्ष **खीम बहादुर सावद,** सचिव **बनौली रोकाय,** | रू.१६,४३,५८६/८४ | भ्रष्टाचार निवारण ऐन, २०५९ दफा १७ बमोजिमको कसुरमा बिगो सोह्र लाख त्रिचालीस हजार पाँच सय छयासी रूपैयाँ चौरासी पैसा कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (च) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (घ) |

| | | | |
|---|---|---|---|
| | कोषाध्यक्ष **जमान सिंह धामी** | | बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असूलउपर हुन मागदाबी लिइएको छ। |
| २. | मालिका सामुदायिक वन उपभोक्ता समूहका पूर्व अध्यक्ष **पदम सिं सावद**, सचिव **पूर्ण देवि धामी** र कोषाध्यक्ष **रूद्र बहादुर बन्तोला** | रू.२२,६८,९७४/- | भ्रष्टाचार निवारण ऐन, २०५९ दफा १७ बमोजिमको कसुरमा बिगो बाईस लाख अठ्सठ्ठी हजार नौ सय चौहत्तर रूपैंया कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (च) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असूल उपर हुन मागदाबी लिइएको छ। |
| ३. | मालिका सामुदायिक वन उपभोक्ता समूहका पूर्व अध्यक्ष **हर्क बहादुर बुढा**, सचिव **तुल्सी दानी** र कोषाध्यक्ष **चक्र बहादुर सावद** | रू.३,९०,०००/- | भ्रष्टाचार निवारण ऐन, २०५९ दफा १७ बमोजिमको कसुरमा बिगो तीन लाख नब्बे हजार रूपैंया कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (घ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ग) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असुल उपर हुन मागदाबी लिइएको छ। |
| ४. | पाठक एण्ड एसोसियट्सका रजिष्टर्ड लेखापरीक्षक **डिल्लीराम पाठक** र प्रेम बहादुर वि.सी. एण्ड कम्पनीका रजिष्टर्ड लेखापरीक्षक **प्रेम बहादुर वि.सी.** | | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (१) बमोजिमको कसुरमा सोही ऐनको दफा १९ को उपदफा (१) बमोजिमको कैद र जरिवाना हुन मागदाबी लिइएको छ। |

प्रवक्ता
सुरेश न्यौपाने